# विज्ञापन कर नियमावली, २०७६

प्रदेश नं ५, प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बुटवल, रुपन्देही

नेपाल

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट
स्वीकृत मिति २०७६।०८।२७

# विज्ञापन कर नियमावली, २०७६

**प्रस्तावनाः** वस्तु वा सेवाको बजार प्रवर्द्धन वा बिक्री वितरण गर्न वा त्यस्तो वस्तु वा सेवाको प्रचार प्रसारका लागि गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसायलाई नियमन गर्न र विज्ञापन करको संकलन प्रक्रियालाई ब्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा ५८ बमोजिम प्रदेश सरकारले यी नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-**(१) यस नियमावलीको नाम "विज्ञापन कर नियमावली २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो नियमावली प्रदेश नं. ५ भर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "आर्थिक ऐन" भन्नाले सम्वन्धित स्थानीय तहले सालवसाली रुपमा जारी गर्ने आर्थिक ऐन सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

(ग) "कर" भन्नाले प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ को दफा १२ तथा आर्थिक ऐन तथा यस नियमावली वमोजिम लगाइने विज्ञापन कर सम्झनुपर्छ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नं. ५ सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(च) "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा होर्डिङ बोर्ड, वेलुन वा कुनै संरचना लगायत जुनसुकै माध्यमबाट सार्वजनिक रुपमा प्रचार-प्रसार गरिएको वा प्रचार-प्रसार गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, तस्विर, संकेत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य, श्रव्य-दृश्य वा मुद्रित सामग्री सम्झनुपर्छ।

(छ) "विज्ञापन एजेन्सी" भन्नाले विज्ञापनको उत्पादन र वितरण गर्ने वा विज्ञापन सम्बन्धी व्यवसाय गर्ने गरी प्रचलिन कानून बमोजिम स्थापना भएका फर्म, संस्था वा कम्पनी सम्झनुपर्छ ।

(ज) "विज्ञापन दाता" भन्नाले आफ्नो पक्षबाट विज्ञापन प्रकाशन, प्रसारण गर्न वा विज्ञापन राख्न लगाउने वा विज्ञापन गराउने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(झ) "विज्ञापन सामग्री" भन्नाले यस नियमावली वमोजिम कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा प्रचार-प्रसार गर्ने उद्देश्यले तयार गरिएको जुनसुकै प्रकारको सामग्री सम्झनुपर्छ ।

(ञ) "सवारी साधन" भन्नाले शक्तिबाट चल्ने यान्त्रिक शक्ति जडान भएको सवारी साधन सम्झनुपर्छ ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ ।

(ठ) "होर्डिङ बोर्ड" भन्नाले विज्ञापन प्रदर्शनका लागि राखिएको वा राखिने साधन सम्झनुपर्छ र सो शव्दले डिजिटल डिस्प्ले, चलदृष्य बोर्ड, एल.सी.डी. बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लोबोर्ड, नियोन साईन, प्रोजेक्टर, स्पल डिस्प्ले वा यस्तै प्रकारका अन्य विज्ञापनको साधनलाई समेत जनाउँदछ।

३. <u>विज्ञापन गर्न सकिनेः</u>- कसैले आफूले बिक्री वितरण गर्ने वस्तु वा सेवाको गुण वा विशेषता समेत उल्लेख गरी त्यस्ता वस्तु वा सेवाको प्रवर्द्धन गर्न वा उपभोक्ता समक्ष वस्तु वा सेवाको छनोटको जानकारी पुऱ्याउन वा आफूले आयोजना गरेको कुनै कार्यक्रम वा अवसरको बारेमा जानकारी दिन वा सार्वजनिक हितको लागि कुनै विषयमा जानकारी गराउन प्रचलित कानूनको अधीनमा रही विज्ञापन गर्न वा गराउन सक्नेछ ।

४. <u>विज्ञापन गर्न नहुनेः</u> (१) देहायका विषयमा विज्ञापन गर्न पाइने छैनः

(क) प्रचलित कानूनले उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेका कुनै वस्तु, पदार्थ वा सेवाको उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ख) जुवा खेल्न, खेलाउन वा चिठ्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषय,

(ग) अश्लिल विषय वा तत्सम्बन्धी अन्य विषय, वस्तु वा सेवाको उपयोग वा प्रयोग गर्न वा प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने विषय,

(घ) हात-हतियार वा विस्फोटक पदार्थ वा नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै वस्तु वा पदार्थको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषय,

(ङ) चिकित्सकको सिफारिशमा मात्र बिक्री गरिने औषधीहरुको विषय,

(च) नेपालमा बिक्री, वितरण वा प्रयोगको लागि प्रचलित कानून बमोजिम अनुमती लिनुपर्नेमा त्यस्तो अनुमती प्राप्त भई नसकेको वस्तु वा सेवाको विषय,

(छ) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषय,

(ज) विद्यालय तथा विश्वविद्यालयको पाठ्यपुस्तक,

(झ) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय ईकाइबीचको सु-सम्बन्ध, सार्वजनिक शान्ति, सुव्यवस्था वा अन्तरराष्ट्रिय सम्बन्धमा खलल पुऱ्याउने विषय,

(ञ) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, नेपालको निशाना छाप वा त्यसको कुनै वा सबै भाग वा राष्ट्रिय विभूतिको प्रयोग गरी वा त्यसको अवमूल्यन हुने विषयमा,

(ट) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने विषय,

(ठ) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने विषय,

(ड) श्रमप्रति अवहेलना गर्न, लैङ्गिक विभेद एवं जातीय छुवाछुत तथा समुदायको सम्बन्धमा खलल पार्ने विषय,

(ढ) निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने विषय,

(ण) ट्रेडमार्क, पेटेण्ट, डिजाइन लगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमती वा स्वीकृति विना प्रयोग गर्ने विषय,

(त) भ्रम वा अफवाह फैलाउने, उत्तेजना फैलाउने, स्वदेशी उत्पादनलाई हतोत्साहित र निरुत्साहित गर्ने किसिमको शब्द, दृष्य एवं संकेतको प्रयोग गर्ने विषय,

(थ) स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने, अरुको उत्पादन, वस्तु वा सेवासँग तुलना गरी त्यस्तो उत्पादन वस्तु वा सेवालाई कमसल वा नराम्रो देखिने विषय,

(द) कानून बमोजिम गोप्य रहेका विषयमा जानकारी गर्ने विषय,

(ध) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा प्रकाशित गरी विज्ञापन गर्न रोक लगाएका विषयमा,

(२) स्थानीय तहले उपनियम (१) मा उल्लेख भएका विषयलाई आधार लिई अनुमती दिने वा नदिने जानकारी विज्ञापनदाता वा विज्ञापन एजेन्सीलाई गराउनु पर्नेछ ।

५. **होर्डिङ बोर्डबाट विज्ञापन गर्न अनुमतीपत्र दिन नसकिने:** स्थानीय तहले देहायका अवस्था भएमा होर्डिङ बोर्डबाट अनुमती दिन सक्ने छैनः-

(क) नियम ४ को उपनियम (१) बमोजिमका विषयसँग सम्बन्धित भएमा,

(ख) ऐन वा प्रचलित कानून प्रतिकूल हुने विज्ञापन भएमा,

(ग) सर्वसाधारणलाई आबत जावत गर्न बाधा वा असुविधा हुने भएमा,

(घ) शहर वा स्थानको प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने भएमा,

(ङ) धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, ऐतिहासिक स्थल वा विश्व सम्पदा सूचीमा सूचीकृत स्थानहरुको मौलिक संस्कृति तथा प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने भएमा,

(च) सडक पेटी तथा सार्वजनिक स्थानमा प्रतिकूल असर पर्ने भएमा,

(छ) स्थानीय कानूनमा तोकिएको व्यवस्थाको प्रतिकूल हुने भएमा,

६. **विज्ञापन गर्न निषेधित क्षेत्र घोषणा गर्न सक्ने:** (१) स्थानीय तहले कुनै धार्मिक, सांस्कृतिक वा पुरातात्विक स्थल, शैक्षिक वा स्वास्थ्य संस्था वा त्यस्तो स्थल वा संस्थाबाट देखिने निश्चित दुरी भित्र सवै प्रकार वा विषयका वा कुनै खास प्रकार वा विषयमा विज्ञापन गर्न नपाउने गरी विज्ञापन निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ । त्यसरी निषेधित क्षेत्र घोषणा गरेको सूचना स्थानीय तहको राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको निषेधित क्षेत्रमा कुनै पनि प्रकारको विज्ञापन गर्न पाइने छैन ।

७. **विज्ञापनको आकार, प्रकार र बनौटः** प्रचार प्रसार गर्ने उद्देश्यले स्थानीय तहको क्षेत्रमा राखिने विज्ञापन वा विज्ञापन सामग्रीको आकार, प्रकार र बनौट स्थानीय तहले बनाएको मापदण्ड बमोजिम हुनेछ । विज्ञापनको प्रकृति र मापन इकाई अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

८. **विज्ञापन सामग्री राख्न निवेदन दिनुपर्नेः** (१) कुनैपनि वस्तु, सेवा वा अन्य कुनै कुराको प्रचार प्रसारको लागि स्थानीय तहको क्षेत्रमा विज्ञापन बोर्ड तथा अन्य विज्ञापन राख्नुपूर्व

विज्ञापनको स्वामित्व कर्ताले देहायका आवश्यक कुराहरु खुलाई स्थानीय तहमा निवेदन दिनुपर्नेछः-

(क) विज्ञापन बोर्ड रहने स्थानः वडा, मार्ग, पथ, घर नं. (नजिकको घर नं.) (विभिन्न स्थानहरुमा भए सोको विवरण खुलाउने) ।

(ख) विज्ञापन बोर्ड रहने घर वा जग्गा धनीको तीनपुस्ते खुलेका नाम, थर र ठेगाना ।

(ग) विज्ञापन बोर्ड सम्वद्ध व्यक्ति, उत्पादक, संघ, संस्था, फर्म, एजेन्सीको नाम र ठेगाना ।

(घ) विज्ञापन बोर्ड आकार, प्रकार, बनौट र प्रकृति ।

(ङ) बोर्ड/विज्ञापन सामग्री राख्ने अवधि ।

(च) तत्काल विज्ञापन गर्ने वस्तु वा सेवाको प्रकृति

(छ) विज्ञापन बोर्डको संख्या ।

(ज) स्थानीय तहले तोकेको अन्य आवश्यक कुराहरु ।

(२) यस नियम बमोजिम दिने निवेदनमा विज्ञापन बोर्ड रहने घर वा जग्गाको स्वामित्वकर्ताको जग्गा धनी दर्ता प्रमाण पूर्जा वा यस्तै अधिकारपत्र वा वहाल सम्झौतापत्र र घरको हकमा नक्सापास प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम स्थानीय तहमा प्राप्त भएका निवेदन उपर आवश्यक कारवाहीको सिलसिलामा उक्त विज्ञापन बोर्डको मापदण्ड र बोर्डको अवस्थिती सम्बन्धमा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्न स्थानीय तहले कर्मचारी खटाउन सक्नेछ । यसरी निरीक्षण गर्न खटिएको कर्मचारीले नियमावलीको मापदण्ड र अन्य कानूनी शर्त बमोजिम भए, नभएको सम्बन्धमा अध्ययन तथा निरीक्षण गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम अनुमतीका लागि निवेदन पर्न आएमा निवेदन उपर आवश्यक जाँचबुझ गरी अनुमती दिन मनासिव देखेमा बढीमा १५ दिनभित्र अनुमती पत्र प्रदान गर्नुपर्नेछ ।

९. <u>विज्ञापन बोर्डको दर्ता गर्नेः</u> (१) यस नियमावली बमोजिम पर्न आएका निवेदन उपर कारवाही भई निवदेकको माग बमोजिम विज्ञापन बोर्डको दर्ता गर्न मिल्ने सिफारिश सहितको प्रतिवेदन पेश हुन आएमा स्थानीय तहले अनुसूची- २ बमोजिमको ढाँचामा

सम्झौता गरी स्वीकृत दररेट अनुसार आवधिक वा वार्षिक कर अग्रिम रुपमै असुल गरी बोर्डको दर्ता गरी अनुसूची- ४ बमोजिम विज्ञापन बोर्ड दर्ता प्रमाण पत्र उपलब्ध गराउनेछ।

(२) बोर्ड दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा प्रतिलिपि प्रमाणपत्र माग गर्न सकिनेछ । यसरी प्रतिलिपि माग भई निवेदन पर्न आएमा स्थानीय तहले अभिलेख बमोजिम प्रतिलिपि प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक वर्ष भन्दा कम अवधिको लागि राखिने विज्ञापन बोर्ड तथा सामग्रीको हकमा दर्ता प्रमाण पत्र छुट्टै नदिई अनुसूची-२ बमोजिम सम्वन्धित व्यक्तिलाई सम्झौता पत्र मात्र उपलव्ध गराउन सक्नेछ ।

१०. <u>हाल कायम रहेको विज्ञापन बोर्डहरु नियमित गर्नुपर्नेः</u> (१) यो नियमावली लागू हुँदा स्थानीय तहका क्षेत्रमा राखिएका विज्ञापन सामग्री तथा बोर्डको स्वामित्व कर्ताले यस नियमावली तथा स्थानीय तहले तोकेको मापदण्ड बमोजिम विज्ञापन सामग्री तथा बोर्डहरु नियमित गर्नुपर्नेछ।

(२) उपनियम (१) वमोजिम नियमित गर्नको लागि स्थानीय तहले ३ महिनाको म्याद दिई स्थानीय तहको राजपत्रमा सूचना प्रकाशित गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम तोकिएको म्यादभित्र विज्ञापन बोर्ड नियमित नगरेमा स्थानीय तहले तत्काल त्यस्ता विज्ञापन बोर्डमा विज्ञापन सामग्री राख्न नपाउने गरी विज्ञापन स्वामित्व कर्ता, फर्म वा कम्पनीलाई कालो सूचिमा राखी त्यस्ता बोर्डहरु तत्काल हटाउन निर्देशन दिनेछ । यसरी दिएको निर्देशन बमोजिम नहटाएमा स्थानीय तहले आफै हटाउनुपर्नेछ । यसरी हटाउँदा लागेको खर्च स्थानीय तहले सरकारी बाँकी सरह असुल गर्नेछ ।

(४) उपनियम (३) बमोजिम कालो सूचिमा राख्नु अघि सम्बन्धित विज्ञापन स्वामित्व कर्ता वा संस्थालाई सफाईको मौका दिनु पर्नेछ । निजबाट मनासिव जवाफ पेश गर्न नसकेमा स्थानीय तहले सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई कालो सूचिमा राखी सो को जानकारी नेपाल सरकार र प्रदेश सरकारलाई समेत दिन सक्नेछ ।

(५) यस नियमावली बमोजिम कालो सूचिमा पर्ने व्यक्ति, फर्म वा कम्पनीले कालो सूचीमा रहने अवधिसम्म पुनः सोही स्थानीय तहको क्षेत्रमा विज्ञापन गर्न, गराउन पाउने छैन ।

११. **विज्ञापनमा विज्ञापनकर्ताको नाम, ठेगाना तथा चेतावनी मूलक सन्देश उल्लेख गर्नुपर्नेः** (१) विज्ञापन दाताको तर्फबाट गरिने विज्ञापनमा त्यस्तो व्यक्ति वा संस्थाको नाम, ठेगाना स्पष्ट रुपले उल्लेख हुनु पर्नेछ ।

(२) विज्ञापन गरिएको वस्तु वा सेवाको प्रयोग गर्दा हुन सक्ने असर वा अवलम्वन गर्नु पर्ने सचेतनाको विषयमा विज्ञापनमा चेतावनीमूलक सन्देश समेत उल्लेख गर्नु पर्नेछ ।

१२. **प्रक्रिया र मापडण्ड पालना गर्नु पर्नेः** प्रचलित कानूनले कुनै खास प्रकारका वस्तु वा सेवाको विज्ञापनको लागि कुनै खास प्रक्रिया, शर्त वा मापदण्ड पालना गर्नु पर्ने गरी निर्धारण गरेकोमा यस नियमावलीमा लेखिएको विषयको अतिरिक्त त्यस्तो कानूनले निर्धारण गरेको प्रक्रिया, शर्त वा मापदण्ड समेत पालना गर्नुपर्नेछ ।

१३. **जिम्मेवार हुनेः** कुनै विज्ञापनको विषयमा विवाद उत्पन्न भई त्यस्तो विज्ञापनकर्ताको नाम, ठेगाना पत्ता लाग्न नसकेको अवस्थामा त्यस्तो विज्ञापन प्रकाशन गर्ने संस्था वा व्यक्ति वा एजेन्सी नै जिम्मेवार हुनेछ ।

१४. **निःशुल्क वा सहुलियत दरमा विज्ञापन गर्नु पर्नेः** नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट विपद्को समयमा सर्वसाधारणको हित वा जानकारीको लागि प्रवाह गरिने सूचना वा विज्ञापन संचारमाध्यमले निःशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रशारण गर्नुपर्नेछ।

१५. **स्थानीय तहले विज्ञापनको अनुगमन तथा नियमन गर्नेः**(१) स्थानीय तहबाट अनुमती प्राप्त गरी राखिएका विज्ञापन तथा होडिङ बोर्डको प्रचलित कानून र यस नियमावली वमोजिमको मापदण्ड पूरा गरे नगरेको विषयमा अनुगमन तथा नियमनको काम सम्वन्धित स्थानीय तहले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा कसैले विज्ञापन गर्दा एवं होडिङ बोर्ड राख्दा नियम वा मापदण्ड पालना नगरेको पाइएमा वा अनाधिकृत रुपमा होडिङ बोर्ड राखेको पाइएमा कारण उल्लेख गरी त्यस्तो विज्ञापन तत्काल बन्द गर्न वा हटाउन आदेश दिन सक्नेछ । त्यसरी दिएको आदेशको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

(३) स्थानीय स्तरमा गरिने विज्ञापन तथा होडिङ बोर्डको अनुगमन तथा नियमन सम्बन्धी अन्य व्यवस्था यस नियमावलीको प्रतिकूल नहुने गरी सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. <u>विज्ञापन अनुगमन तथा नियमन समितिः</u>(१) स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका विज्ञापन सामग्रीको अनुगमन तथा नियमन गर्न हरेक स्थानीय तहमा देहाय बमोजिमको एक विज्ञापन अनुगमन तथा नियमन समिति रहनेछः-

(क) स्थानीय तहको राजश्व परामर्श समितिको संयोजक- अध्यक्ष

(ख) जिल्ला समन्वय समितिको अधिकृत स्तरको प्रतिनिधी- सदस्य

(ग) कार्यपालिकाको सम्बन्धित विषयगत समितिको संयोजक- सदस्य

(घ) स्थानीय तहमा रहेका उद्योग वाणिज्य संघ मध्येबाट फरक संस्था र लिङ्गबाट प्रतिनिधित्व हुनेगरी स्थानीय तहबाट मनोनित बढीमा दुईजना- सदस्य

(ङ) राजश्व महाशाखा/शाखा प्रमुख सदस्य–सचिव

(२) उपनियम (१) वमोजिम गठित समितिले विज्ञापनको अनुगमन तथा नियमन गर्दा नियम ४, नियम ६, नियम ७ तथा प्रचलित अन्य कानून विपरित भए गरेको पाइएमा उक्त विज्ञापन हटाउन आदेश दिन सक्नेछ । विज्ञापनदाताले यस्तो आदेशको पालना गर्नुपर्नेछ ।

(३) अनाधिकृत रुपमा कर छली गरी विज्ञापन गरेको पाइएमा समितिले प्रचलित कानून बमोजिम कारवाहीका लागि स्थानीय तहमा लेखी पठाउन सक्नेछ ।

(४) समितिले आवश्यकता अनुसार आफ्नो क्षेत्रमा विज्ञापनको अनुगमन तथा नियमन गर्न सक्नेछ ।

१७. <u>कर लगाउने र उठाउने दायित्वः</u>(१) कुनै स्थानीय तहको क्षेत्रमा राखिने विज्ञापन सामग्रीको करको दर आर्थिक ऐन बमोजिम हुनेछ ।

(२) उपनियम (१) को अधिनमा रही स्थानीय तहले कर संकलन गर्नुपर्नेछ।संकलन गरेको कर स्थानीय तहको विभाज्य कोष खातामा दाखिला गर्नुपर्नेछ।

(३) उपनियम (२) वमोजिम दाखिला रकमको मासिक रुपमा साठी प्रतिशतले हुने रकम आफ्नो संचित कोषमा र चालीस प्रतिशतले हुने रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(४) विज्ञापन कर वापत संकलित रकमको मासिक प्रतिवेदन महिना समाप्त भएको ७ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ र प्रदेश लेखा नियन्त्रक कार्यालयले हरेक महिनाको १५ गतेभित्र एकिकृत विवरण तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(५) स्थानीय तहले विज्ञापन करको दर निर्धारण गर्दा अनुसूची-१ बमोजिम त्यसको प्रकृति र मापन ईकाइका आधारमा गर्नुपर्नेछ ।

१८. <u>नवीकरण नगरेमा लाग्ने शुल्कः</u>(१)स्थानीय तहले अनुमती प्रदान गर्दा निश्चित समय उल्लेख गरी आवधिक रुपमा नवीकरण गर्नु पर्ने शर्त तोकी अनुमती प्रदान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको अवधिमा नवीकरण नगर्ने विज्ञापनदाता वा विज्ञापन एजेन्सीलाई स्थानीय तहले तोके बमोजिम जरिवाना शुल्क लगाउन सक्नेछ ।

१९. <u>एकमुष्ठ कर रकम भुक्तानी सम्वन्धी व्यवस्थाः</u>(१) निश्चित अवधिको लागि विज्ञापन गरे वापत एकमुष्ठ रुपमा कर दाखिला गर्ने विज्ञापन दातालाई स्थानीय तहको आर्थिक ऐनको अधिनमा रही स्थानीय तहले कर रकममा छुट दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कर छुट दिएको अवधिमा करको दरमा परिवर्तन हुन गएमा उक्त करको रकम ऐनको दफा २८ वमोजिम समायोजन गर्नुपर्नेछ ।

२०. <u>विज्ञापन कर नलाग्नेः</u>(१)नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सरकारी निकायले सार्वजनिक हित अभिवृद्धि गर्ने उद्देश्यले राखिएको सूचना तथा संन्देशमूलक विज्ञापन वा प्रचार सामग्रीमा कर लाग्ने छैन ।

(२) गैर नाफामुलक संस्थाले सामाजिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले राखिएका विज्ञापन सामग्रीमा स्थानीय तहले तोकेको करमा आंशिक वा पुरै छुट दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रायोजकले आफ्नो उत्पादन, वस्तु वा सेवाको प्रचार गर्ने उद्देश्यले यस्ता बोर्ड वा प्रचार सामग्रीको प्रायोजन गरिएको भएमा प्रायोजकबाटै विज्ञापन कर असूल गर्नुपर्नेछ ।

(४) यस नियमावली बमोजिम कुनै गैर नाफामुलक संस्थाले निःशूल्क रुपमा पोल व्यानर राख्न अनुमति माग गरेमा स्थानीय तहले कर वापतको रकम धरौटीको रुपमा जम्मा गर्न लगाई अनुमति दिन सक्नेछ । तोकिएको निर्देशन पालना नगरी विज्ञापन गरेमा धरौटी रकमबाट कर वापतको रकम कट्टा गर्न सकिनेछ।

(५) उपनियम (४) बमोजिम राखिएको धरौटी रकम कार्यसम्पन्न सन्तोषजनक भएको प्रतिवेदन प्राप्त भएपछि निवेदकको माग बमोजिम स्थानीय तहले सम्बन्धित संस्थालाई फिर्ता दिनुपर्नेछ ।

२१. **<u>विज्ञापन बोर्ड दर्ता नगरी विज्ञापन गरेमा</u>** (१) यस नियमावली बमोजिम बोर्ड दर्ता नगरी कुनै व्यक्तिले विज्ञापन गरेमा स्थानीय तहले ७ दिनभित्र बोर्ड दर्ता गर्न सम्बन्धित विज्ञापनदातालाई निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्देशन दिदाँ पनि तोकिएको अवधिभित्र विज्ञापन बोर्ड दर्ता नगरेमा स्थानीय तहले तोके बमोजिम जरिवाना समेत जम्मा गरी एक महिनाभित्र बोर्ड दर्ता गर्न बोर्डको स्वामित्वकर्तालाई पुनः निर्देशन दिनेछ ।

(३) उपनियम (२) बमोजिम दिईएको थप म्यादभित्र पनि विज्ञापन बोर्ड दर्ता नगरेमा स्थानीय तहले विज्ञापन सामग्री हटाउनु पर्नेछ । यसरी हटाउँदा लागेको खर्च स्वामित्व कर्ताबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

२२. **<u>फरक प्रकृतिको विज्ञापन सामग्री विज्ञापन बोर्डमा लगाएमाः</u>**(१)यस नियमावली बमोजिम एक प्रकृतिको विज्ञापन सामग्री राख्ने व्यहोरा खुलाई दर्ता गरी अर्कै प्रकृतिको विज्ञापन सामग्री राखेमा स्थानीय तहले तोकेको जरीवाना गरी संशोधित प्रकृति अनुसारको थप कर असुल गर्नुपर्ने भए सो समेत असुल गरी नयाँ प्रकृतिको विज्ञापन सामग्री राख्ने अनुमति लिन स्थानीय तहले सम्बन्धित विज्ञापनको स्वामित्व कर्तालाई निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा स्थानीय तहले सो विज्ञापन बोर्ड तथा सामग्री जफत गर्ने वा हटाउनेछ ।

(३) उपनियम (२) वमोजिम विज्ञापन सामग्री हटाईएकोमा पुनः उक्त स्थानमा अर्को विज्ञापन सामग्री राख्न माग गरेमा विज्ञापनदाताले उपदफा (१) बमोजिम लागेको जरिवानामा थप कर तिर्नुपर्ने भए सो समेत स्थानीय तहमा बुझाउनु पर्नेछ ।

२३. **निषेधित क्षेत्रमा बोर्ड राखेमाः**(१) यस नियमावली बमोजिम निषेधित क्षेत्र भनी तोकिएका स्थानहरु र सार्वजनिक निजी साझेदारी नीति बमोजिम मात्र विज्ञापन बोर्ड तथा सामग्री राख्न सकिने सार्वजनिक स्थानहरुमा कसैले त्यस्ता बोर्ड तथा प्रचार सामग्री राखेको पाईएमा तत्काल त्यस्तो विज्ञापन बोर्ड तथा सामग्री हटाउन स्थानीय तहले निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा स्थानीय तहले त्यस्ता बोर्ड तथा सामग्रीहरु जफत गर्नेछ ।

२४. **स्वीकृत लिएको आकार प्रकार भन्दा फरक गरी विज्ञापन सामग्री वा बोर्ड राखेमाः** (१) यस नियमावली बमोजिम विज्ञापन बोर्ड दर्ताको अवस्था स्वीकृत भएको बोर्डको प्रकृति र आकार भन्दा फरक किसिमको बोर्ड राखेको कुरा स्थानीय तहको नियम १७ वमोजिमको समिति वा खटिने निरीक्षण कर्मचारीले फिल्ड निरीक्षणबाट देखिएको तर उक्त बोर्ड मापदण्ड भित्रै रहेको भए तोकिएको जरिवाना लिई थप कर समेत असुल गरी उक्त बोर्डलाई स्थानीय तहले नियमित गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्ड नियमित गर्न स्थानीय तहले विज्ञापन स्वामित्वकर्तालाई निर्देशन दिनेछ । उक्त निर्देशन पालना नगरेमा उक्त बोर्डमा विज्ञापन गर्न स्थानीय तहले रोक लगाउन सक्नेछ ।

२५. **विज्ञापन बोर्ड दर्ता गर्दा विज्ञापन सामग्री राख्न दिने निवेदनमा झुटो विवरण दिएमाः**यस नियमावली बमोजिम विज्ञापन बोर्ड दर्ता तथा विज्ञापन सामग्री राख्ने अनुमति माग गर्ने निवेदनमा झुटा विवरण दिएको कुरा प्रमाणित भएमा स्थानीय तहले निवेदकलाई तोकिएको जरिवाना लगाई असुल उपर गर्नेछ ।

२६. **विशेष प्रकृतिको मात्र विज्ञापन सामग्री वा बोर्ड राख्न पाउनेमा अन्य किसिमको बोर्ड राखेमाः**(१) स्थानीय तहले यस नियमावली तथा स्थानीय तहले विशेष प्रकृतिको मात्र विज्ञापन सामग्री वा बोर्ड राख्ने भनि तोकेको क्षेत्रमा तोकिएको भन्दा फरक किसिमको विज्ञापन सामग्री राखेको वा बोर्ड निर्माण गरेमा उक्त बोर्ड तथा सामग्री ७ दिन भित्र हटाउन स्थानीय तहले सम्वन्धित विज्ञापनको स्वामित्व कर्ता वा संस्थालाई निर्देशन दिनेछ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा स्थानीय तहले सो विज्ञापन सामग्री वा बोर्ड जफत गर्ने वा हटाउनेछ ।

२७. <u>विज्ञापन बोर्ड दर्ता प्रमाण पत्र र यसको अभिलेख व्यवस्था:</u>(१) विज्ञापन बोर्ड तथा सामग्री राख्ने विज्ञापन स्वामित्व कर्ता वा संस्थासँग यस नियमावलीको अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(२) स्थानीय तहले विज्ञापन सामग्री वा बोर्ड दर्ताको अभिलेख अनसूचि-३ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(३) विज्ञापन बोर्ड दर्ता प्रमाणपत्रको ढाँचा अनुसूची- ४ मा उल्लेख गरे बमोजिम हुनेछ ।

२८. <u>होर्डिङ बोर्ड स्थापना गर्दा पर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्ने:</u> (१) स्थानीय तहले तोकेको स्थानमा होर्डिङ बोर्ड स्थापना गर्न अनुमति पाएको विज्ञापन बोर्डको स्वामित्वकर्ताले उक्त बोर्डको संरचना तयार गर्दा प्रयाप्त सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बोर्डको सुरक्षा व्यवस्था सम्बन्धमा स्थानीय तहले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोर्डको स्वामित्वकर्ताको कर्तव्य हुनेछ ।

२९. <u>विज्ञापन बोर्ड नामसारी, ठाउँसारी तथा दर्ता खारेजीको लागि अनमति लिनुपर्ने:</u> (१) विज्ञापन बोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजीको लागि तिर्न बाँकी कर चुक्ता गरी निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा लिने दिने व्यक्तिको सम्झौतापत्र वा करारनामा, ठाउँसारी गर्ने घरधनीसंगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुवैपक्षको रोहवरमा बोर्डको स्वामित्व परिवर्तन सम्बन्धी कारवाही गरी बोर्ड दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ ।

(३) बोर्डको नामसारी, ठाउँसारी तथा हटाउने कारवाही गर्दा लाग्ने सेवा शुल्क स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) विज्ञापन बोर्डको एकपटक दर्ता गरिसकेपछि बोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित दर अनुसार कर तिर्ने दायित्व बोर्डको स्वामित्व कर्ताको हुनेछ । बोर्डमा

विज्ञापन सामग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र विज्ञापन करमा कुनै छुट वा मिन्हा हुनेछैन ।

३०. **विज्ञापन बोर्डको नविकरण गर्नु पर्ने:**(१) यस नियमावली बमोजिम अनुमतिप्राप्त विज्ञापन बोर्डको प्रत्येक वर्षको लागि अग्रीम रुपमा कर तथा स्थानीय तहले निर्धारण गरेको अन्य दस्तुरहरु तिरी नविकरण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापनको स्वामित्व कर्ताले आफूले राखेका वा राख्न दिएका विज्ञापन बोर्डको कर तिरेको अवधि समाप्त भएको मितिले ३५ दिनभित्र नविकरण गरिसक्नु पर्नेछ । उक्त समयभित्र विज्ञापन बोर्डको नविकरण नगरिएमा त्यस पछिको ९० दिनसम्म लाग्ने कर रकममा स्थानीय तहले तोकेको दरले जरिवाना र वार्षिक कर असुल गरी ३ महिनासम्ममा नविकरण गर्न सकिनेछ । सो अवधिमा पनि विज्ञापन बोर्ड नविकरण नगरेमा स्थानीय तहले विज्ञापन बोर्ड वा समाग्री हटाउने वा जफत वा नष्ट गर्नेछ । यस नियमावली बमोजिम जफत गरिएका सामग्रीहरु स्थानीय तहले प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्नुपर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहले कर नतिरी राखेको वा तोकिएको समयभित्र नविकरण नगरिएका विज्ञापन बोर्ड वा सामग्री हटाउने, जफत गर्ने वा नष्ट गर्नु अघि वढीमा १५ दिनको सूचना सम्वन्धित विज्ञापन सामग्री वा बोर्डका स्वामित्व कर्तालाई दिनुपर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम स्थानीय तहले बोर्ड वा सामग्री नष्ट गरिएको वा हटाईएकोमा विज्ञापन बोर्डको स्वामित्व कर्ताले पुनः उक्त बोर्ड नविकरण गर्न स्थानीय तह समक्ष अनुरोध गरेमा वक्यौता कर र सो करको निश्चित प्रतिशतले हुने एकमुष्ट जरिवाना लिई स्थानीय तहले विज्ञापन बोर्डको नविकरण गरिदिनु पर्नेछ ।

(५) व्यवसाय संचालनको प्रयोजनको लागि प्रयोग भएको संचालक वा निजको एकाघरको परिवारको नाममा रहेको वा सो प्रयोजनको लागि भाडामा लिएको घर वा जग्गामा परिचय पाटी वा साइनबोर्ड राख्दा विज्ञापन कर लाग्ने छैन । त्यस्तो बोर्ड वा परिचय पाटीको साइज/आकार स्थानीय तहले निर्धारण गरे वमोजिम हुनेछ ।

३१. **होर्डिङ बोर्ड वापतको वहाल कर तिर्नुपर्ने:** (१) विज्ञापन बोर्डहरु राख्न दिने घर, भवन तथा जग्गा धनीले प्रचलित कानून बमोजिम तिर्नुपर्ने वहाल कर वापतको रकम स्थानीय तहले

सम्बन्धित घर वा जग्गा धनीको नाममा विज्ञापन सामग्री वा बोर्डको स्वामित्व कर्ताबाटै असूल गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि वहाल कर वापतको रकम त्यस्ता घर, भवन र जग्गा धनी र विज्ञापनदाताले आपसमा सहमति गरी स्थानीय तहले तोकेको वहाल रकम भुक्तानी गर्न सक्नेछन् ।

३२. <u>परिचय पाटी वापतको कर व्यवसाय करसँग आवद्ध गर्न सकिने:</u>(१)स्थानीय तहले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुबाट व्यवसाय कर असूल गर्दाको अवस्थामा परिचय पाटी वा साइन बोर्ड वापतको कर रकम असूल गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कर असूल गरेपछि परिचयपाटीको विवरण व्यवसाय दर्ता प्रमाण-पत्रमा उल्लेख गर्न सकिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिचय पाटीको छुट्टै दर्ता नविकरण गर्न यस नियमले वाधा पुर्याएको मानिने छैन ।

३३. <u>सडक किनारामा रहेका पोलहरुमा विज्ञापन गर्न सकिने:</u> (१) सरकारी निकायले सार्वजनिक निजी साझेदारी नीति बमोजिम निजी क्षेत्रमार्फत स्थानीय तहका क्षेत्रमा सडकको दाँया बाँया अवस्थित पोलहरुमा विज्ञापन समेत राख्न पाउने गरी कुनै सूचना वा सन्देशयुक्त बोर्ड निर्माण गर्न अनुमति दिनु अघि स्थानीय तहसँग त्यस्ता बोर्डको आकार, प्रकार, वनौट र लाग्ने करको सम्बन्धमा आवश्यक जानकारी एवं सहमति लिनु पर्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी नीति बमोजिम पोलहरुमा राख्न सकिने सूचना सन्देश सहितको विज्ञापन बोर्डको आकार, प्रकार, बनौट र संख्या मापदण्ड स्थानीय तहले तोके वमोजिम हुनेछ।

(३) यस नियम बमोजिम राख्न दिने विज्ञापन बोर्डमा स्थानीय तहले तोके बमोजिम कर लगाई असुल गर्न सकिनेछ ।

(४) यस नियमावली बमोजिम पोलमा राख्न दिने सन्देश सहितको विज्ञापन बोर्ड राख्ने अन्य प्रक्रिया स्थानीय तहले तोकेको मापदण्ड वमोजिम हुनेछ ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भएपनि पोलमा सार्वजनिक निजी साझेदारी नीति बमोजिम सन्देश सहितको विज्ञापन बोर्ड राख्नु पूर्व स्थानीय तह तथा अन्य सार्वजनिक निकायले सम्वन्धित निकायसँग समन्वय गर्नुपर्नेछ ।

३४. <u>दर्ता नं. राख्नुपर्नेः</u> (१) होर्डिंग बोर्डहरु दर्ता गरी बोर्डको माथिल्लो भागमा दायाँतर्फ सेतो ब्याकग्राउण्डमा कालो अक्षरको दर्ता नम्बर स्पष्ट देखिने गरी उल्लेख गर्नुपर्नेछ । कुनै पनि व्यवसायीले स्थानीय तहमा स्वीकृत लिएकै वखत खाली बोर्डमा राख्ने सन्देशमूलक सामग्री लिई अनिवार्य रुपमा राख्नुपर्नेछ । सामग्री रहित खाली बोर्ड राख्न निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता नं.राखेको नपाइएमा अनुगमन समितिले ७ दिन भित्र दर्ता नं.राख्ने गरी निर्देशन गर्नेछ । सो अवधिमा समेत दर्ता नं.नराखेमा स्थानीय तहले त्यस्ता बोर्ड जफत गर्नेछ ।

३५. <u>विमा सम्वन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले वीमा गर्नु पर्ने भनि तोकेका ठूला आकार र प्रकृतिका विज्ञापन बोर्ड कुनै व्यक्ति वा संस्थाको निजी घर कौसी छत वा जग्गामा वा सार्वजिनक स्थानमा राखिने भएमा उक्त बोर्डको अनिवार्य रुपमा विमा गर्ने व्यवस्था तोक्न सक्नेछ ।

(२) उपनियम (१) वमोजिमको वीमा वापतको दायित्व विज्ञापनदाताको हुनेछ।

३६. <u>प्राविधिकबाट उपयुक्तताको सिफारिशः</u> (१) स्थानीय तहले निश्चित वर्गफुट भन्दा ठूला आकारका विज्ञापन बोर्ड कुनै व्यक्ति वा संस्थाको निजी घर कौसी छत वा जग्गामा वा सार्वजनिक स्थानमा राखिने भएमा उक्त बोर्डको नयाँ दर्ता गर्नुपूर्व सो प्राविधिक हिसावले ठिक भए नभएको नेपाल इन्जिनियरिंग परिषदबाट अनुमति लिईएका प्राविधिकबाट उपयुक्तताको सिफारिशका आधारमा दर्ता गर्नु पर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपनियम (१) वमोजिम सिफारिस गर्दा आवश्यक पर्ने विवरण स्थानीय तहले तोके वमोजिमको हुनेछ ।

३७. <u>स्वीकृती तथा समन्वय गर्नु पर्नेः</u>(१) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी संस्थान वा निकायको जग्गा वा जुनसुकै प्रकारको सम्पत्ति प्रयोग गरी विज्ञापन राख्नु पर्ने भएमा त्यस्तो निकायको पूर्व स्वीकृतिमा स्थानीय तहले विज्ञापन सामग्री राख्न अनुमती दिन सक्नेछ ।

(२) उपनियम (१) वमोजिम स्वीकृती प्राप्त भए पछि स्थानीय तहले तोकिएको दरमा कर उठाउन सक्नेछ ।

३८. **<u>निजी घर वा जग्गामा राखिने विज्ञापन:</u>**(१) कुनै विज्ञापनदाताले कुनै व्यक्तिको निजी घर वा जग्गामा जुनसुकै प्रकारको विज्ञापन सामग्री राख्नु अघि स्थानीय तहको स्वीकृती लिनुपर्नेछ ।

(२) कुनै व्यक्तिको स्वामित्वको घरको भित्तामा पेन्टिङ गरी कुनै विज्ञापन गर्न चाहने विज्ञापनदाताले स्थानीय तहको स्वीकृती पछि मात्र सो कार्य गराउन सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको विज्ञापनमा ऐन आर्थिक ऐन बमोजिमको कर लाग्नेछ ।

३९. **<u>संचार माध्यमले गर्ने विज्ञापन:</u>**(१) प्रचलित कानून बमोजिम संचालन अनुमती पाएका संचार माध्यमले कुनै विज्ञापनदाताको तर्फबाट विज्ञापन गरी दिएवापत संचार माध्यमको मुख्य कार्यालय वा शाखा/उपशाखा रहेको स्थानको स्थानीय तहले निर्धारित गरे बमोजिमको कर सोही स्थानीय तहमा वुझाउनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको करको रकम संचार माध्यमले विज्ञापनदातालाई उपलब्ध गराउने विलमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(३) संचार माध्यमले विज्ञापन गरेको सामग्रीमा कर असुल गरे नगरेको सम्वन्धमा नियम १७ बमोजिमको समितिले अनुगमन गर्न सक्नेछ र समितिले आवश्यक देखेमा विज्ञापनसँग सम्वन्धित विवरण माग गर्न सक्नेछ ।उक्त माग गरिएका विवरण संचार माध्यमले उपलब्ध गराउनु पर्नेछ ।

४०. **<u>खेलमैदान मेला कार्यक्रम स्थलमा गरिने विज्ञापन:</u>**(१) स्थानीय तहको कुनै क्षेत्रमा खेलकुद, व्यापार मेला, रमाईलो मेला लगायत जुनसुकै प्रकारको मेला महोत्सव सञ्चालन गर्दा त्यसमा गरिने सबै प्रकारका विज्ञापनको लागि आयोजकले स्थानीय तहको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृत गरिएका बाहेकका विज्ञापन मेला महोत्सवमा राख्न पाईने छैन ।

(३) उपनियम (१) बमोजिम राखिने विज्ञापनमा आयोजकले पूर्व स्वीकृती लिंदा स्थानीय तहले तोकेको दररेटको आधारमा एकमुष्ट रुपमा कर बुझाउनुपर्नेछ ।

(४) उपनियम (१) बमोजिम स्वीकृती नलिई मेला महोत्सवमा राखिएका विज्ञापन सामग्री स्थानीय तहले जफत गर्नेछ ।

४१. **साइकल मोटरसाइकल रिक्सा, अटो-रिक्सा विद्युतीय रिक्साबाट गरिने विज्ञापनः** (१) स्थानीय तहले साइकल, मोटरसाइकल, रिक्सा, अटो-रिक्सा, विद्युतीय रिक्साबाट गरिने विज्ञापनको प्रकृति, ध्वनी सामग्री, दिन समेतलाई आधार लिइ कर निर्धारण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निर्धारण भएको कर सवारीका धनी वा विज्ञापनदाताले विज्ञापन गरिने क्षेत्रको स्थानीय तहमा बुझाउनुपर्नेछ ।

४२. **भित्ते लेखनबाट गरिने विज्ञापनः** भित्ते लेखनको माध्यमबाट गरिने विज्ञापनमा क्षेत्रफल, रहने दिन, अवधि, स्थान समेतलाई आधार मानी निर्धारण गर्नु पर्नेछ ।उक्त भित्ते लेखनबाट गरिने विज्ञापन निजी संरचनामा मात्र गर्ने गरी स्थानीय तहले अनुमती दिन सक्नेछ ।भित्ते लेखनबाट गरिने विज्ञापनमा स्थानीय तहले तोकेको दरमा कर लाग्नेछ ।

४३. **फरक करको दर तोक्न सक्नेः** स्थानीय तहले शहरीकरण, व्यापारिक क्षेत्र, जन-चाप हुने क्षेत्र समेतको आधारमा फरक-फरक करको दर निर्धारण गर्न सक्नेछ ।

४४. **सार्वजनिक तथा निजी सवारी साधनमा राखिने विज्ञापनः**(१) एउटै स्थानीय तहको क्षेत्रभित्र विज्ञापन गर्ने उद्देश्यले सवारी साधनमा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापन सामग्री वापत कर सोही स्थानीय तहमा विज्ञापनदाता वा सवारी धनीले वुझाउनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको क्षेत्र भन्दा बाहिर वा जिल्लाभर वा प्रदेशभर वा राष्ट्रिय रुपमा उक्त सवारी साधनमा विज्ञापन राखि चलाउनु पर्ने भएमा सो वापतको कर विज्ञापनदाताको मुख्य कार्यालय वा शाखा कार्यालय रहेको स्थानीय तह वा सवारी धनीको स्थायी ठेगाना भएको स्थानीय तहमा बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) वापतको कर रकम स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

४५. **प्रतिस्पर्धा गराउन सकिनेः**(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्रको कुनै स्थान तोकी विज्ञापन क्षेत्रका लागि सूचना आह्वान गर्न सक्नेछ ।

(२)उपनियम (१) वमोजिमको स्थानमा राखिने विज्ञापनको छनोट प्राथमिकता क्रम अनुसार बढी रकम कवोल गर्ने विज्ञापनदाताको विज्ञापन छनौट गर्नु पर्नेछ ।

(३) आन्तरिक श्रोत साधन परिचालन गरी स्थानीय तहको आन्तरिक आयमा अभिवृद्धि गर्न स्थानीय तहको क्षेत्रमा रहेका सार्वजनिक स्थान तथा आफ्नै जग्गामा आधुनिक, उच्च प्रविधियुक्त र वातावरणमैत्री विज्ञापन बोर्ड तथा प्रचार समाग्री राख्ने स्थानको व्यवस्था गरी प्रतिस्पर्धाको माध्यमबाट उक्त स्थान निजी क्षेत्रलाई उपलब्ध गराई सो वापत कर, रोयल्टी रकम परिचालन गर्न सक्नेछ ।

४६. **विज्ञापन सामग्री नमानिने:** (१) कुनै वस्तु तथा सेवा प्रदायकले आफूले प्रदान गर्ने वस्तु तथा सेवाको थोक वा खुद्रा मूल्य खुल्ने गरी राखिएको मूल्यसूची र स्थानीय तहले तोके वमोजिमको आकारका व्यापार-व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीलाई विज्ञापन सामग्री मानिने छैन ।

(२) उपनियम (१) बमोजिमको परिचयपाटी स्थानीय तहमा व्यवसाय दर्ता भएका व्यवसायीले मात्र राख्न पाउने छ । एक व्यवसायले एकभन्दा वढी परिचयपाटी राख्न पाउने छैन । परिचय पाटीको आकार स्थानीय तहले तोके वमोजिम हुनेछ ।

(३) एक भन्दा वढी व्यवसाय संचालन गरिने सपिंग कम्लपेक्स तथा व्यवसायिक भवनमा छुट्टा छुट्टै परिचय पाटी नराखी एकै स्थानमा एकीकृत रुपमा ठाडो गरी राख्नुपर्नेछ । सुरक्षालाई ख्याल गर्दै परिचय पाटी वा बोर्ड राख्दा घर तथा भवनको कुनै पनि झ्याल/ढोका नछोपिने गरी राख्नु पर्नेछ ।

४७. **जग्गा छोड्नुपर्ने:** सरकारी वाहेकका निजी जग्गामा विज्ञापन बोर्डहरु राख्दा सधियारकातर्फ, सडकतर्फ र उचाईको हकमा प्रचलित कानूनमा तोकिए बमोजिमको दुरी छोड्नुपर्नेछ। उचाईको हकमा जमिनसतहबाट वढीमा ३० फिटसम्मको हुनुपर्नेछ र तोकिएको आकारभन्दा ठूला विज्ञापन बोर्डमा अनिवार्य रुपमा सोलार वत्ति जडान गरेको हुनुपर्नेछ ।

४८. **प्रचार-सामग्री सम्वन्धी व्यवस्था:** राष्ट्रिय तथा अन्तराष्ट्रिय सेवामूलक संघ संस्थाहरुले सेवाको उद्देश्यले प्रचार-प्रसार सामग्रीहरु राखेमा सो वापतको विज्ञापन करमा स्थानीय तहले छुट वा आंसिक छुट दिन सक्नेछ ।

४९. **सवारी साधनको विज्ञापन सम्वन्धी:** राष्ट्रिय तथा अन्तराष्ट्रिय सवारी साधनका उत्पादक, कम्पनी वा सो का अधिकृत विक्रेता वा अधिकार प्राप्त व्यक्तिले नयाँ उत्पादन भएका त्यस्ता सवारी साधनको बिक्री प्रवर्द्धन गर्ने उद्देश्यले विज्ञापन गर्ने भएमा सो को स्वीकृती स्थानीय तहबाट लिनु पर्नेछ । उक्त विज्ञापन कर स्थानीय तहले तोके बमोजिमको रकम सम्वन्धित स्थानीय तहमा वुझाउनु पर्नेछ ।

५०. **सटरमा गरिने विज्ञापन सम्वन्धी व्यवस्थाः** सटर पेन्टङ गरी उक्त सटरमा विज्ञापन गर्ने भएमा स्थानीय तहको स्वीकृती प्राप्त गरी विज्ञापन गर्नु पर्नेछ । सटर पेन्टिङ गरी गरिने विज्ञापन करको दर निर्धारण प्रति वर्ग फिट ईकाइलाई आधार मानी निर्धारण गर्नुपर्नेछ ।

५१. **निजी स्वामित्वको स्थानमा राखिने विज्ञापनमा सहमति हुनु पर्नेः** निजी स्वामित्वको स्थानमा विज्ञापन सामग्री राख्दा सो स्थानको स्वामित्ववाला वा निजको अधिकार प्राप्त प्रतिनिधी तथा सो स्थानसँग सरोकार राख्ने पक्षसँग विज्ञापन राख्ने पक्षको सहमति भएको हुनु पर्नेछ।

५२. **जरिवाना रकम तिरेमा स्वीकृती दिन सकिनेः** विज्ञापन सामग्री राख्दा स्वीकृती प्राप्त नगरी राखिएको सूचना स्थानीय तहमा प्राप्त भएमा वा अनुगमनको क्रममा त्यस्तो स्वीकृती प्राप्त नभएको विज्ञापन सामग्री भएको पुष्टि हुन आएमा थप जरिवाना रकम तिरी उक्त विज्ञापन सोही स्थानमा राख्न चाहेमा उक्त विज्ञापनलाई स्थानीय तहले प्रक्रिया पुर्याएर स्वीकृती प्रदान गर्न सक्नेछ ।

५३. **अनुमान गर्न सकिनेः** अन्यथा प्रमाणित नभए सम्म स्थानीय तहको क्षेत्रमा कसैले विज्ञापन सामग्री आफूखुसी राखी, टाँसी छाडेमा उक्त विज्ञापन सामग्री सोही विज्ञापनमा राखिएको प्रचार सामग्री सोही बस्तु वा सेवासँग सम्वन्धित धनी वा संचालकको भएको मानी कर असुल गरिनेछ ।

५४. **विज्ञापन सामग्री हटाउने तथा मेटाउने दायित्वः**विज्ञापनदाताले स्थानीय तहसँगको स्वीकृत समयावधि समाप्त भएमा आफूले राखेका विज्ञापन सामग्री हटाउने तथा मेटाउने दायित्व सम्बन्धित विज्ञापनदाताको हुनेछ ।

५५. **ठेक्काको माध्यमबाट विज्ञापन कर संकलन गर्न सकिनेः**(१) स्थानीय तहलाई ठेक्काको माध्यमबाट विज्ञापन कर संकलन प्रभावकारी हुने लागेमा ठेक्कामा दिई कर संकलन गर्न सक्नेछ ।

(२) नियम (१) वमोजिम ठेक्का बन्दोबस्त गर्न सो को लागि, ठेक्का दिनु अघि विज्ञापन करको सम्भाव्यता अध्ययन गरी सोही प्रतिवेदनका आधारमा मात्र गर्नुपर्नेछ ।

(३) ठेक्का सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । ठेक्काबाट विज्ञापन कर संकलन गर्ने सम्झौता भएमा सो सम्वन्धी जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) ठेक्का प्रक्रिया सालवसाली रुपमा गर्नुपर्नेछ ।चालु आ.व.मा आगामी आ.व.को शुरु हुने दिनबाट सम्झौता लागू हुने गरी सम्झौता गर्नुपर्नेछ ।

५६. **सोझै प्रस्ताव पेश गर्न सकिने:**(१) कुनै व्यक्ति, फर्म, कम्पनी तथा संघ, संस्थाले स्थानीय तहको क्षेत्रभित्र कुनै खाली सार्वजनिक स्थान वा सडकको दायाँ बायाँको जग्गामा हरियाली प्रवर्द्धन, यात्रु प्रतिक्षालय, वाटिका निर्माण गरी कुनै वस्तुको विज्ञापन गर्ने उद्देश्यले विज्ञापन बोर्ड वा सामग्री राख्ने माग गरी सोझै स्थानीय तहमा प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक क्षमता र प्रस्तावमा उल्लेख गरिएका सार्वजनिक स्थलको संरक्षण एवं प्रवर्द्धन सम्वन्धी विशेष कार्यक्रम प्रस्ताव र उक्त प्रस्तावमा उल्लेखित परियोजनाको लाभ/लागत समेत विश्लेषण गरी स्थानीय तहले त्यस्तो प्रस्ताव छनौट गर्ने नगर्ने सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तावको छनौट गर्ने र मुल्यांकन गर्ने व्यवस्था स्थानीय तहले प्रचलित कानून वमोजिम गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम राख्न दिइने विज्ञापन बोर्ड वा विज्ञापन वस्तुमा स्थानीय तहले तोकेको दरमा कर वुझाउनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम पेश भएको प्रस्तावहरु छनौट गर्न उपयुक्त नभएको भनी राय सहित सिफारिस भएमा उक्त काम खुला प्रस्ताव आव्हान गरी गराउन स्थानीय तहले आवश्यकता ठानेमा यस नियमावली र प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम खुला प्रस्ताव आव्हान गर्न सक्नेछ ।

५७. **सार्वजनिक निजी साझेदारी सम्वन्धी व्यवस्था :**(१) स्थानीय तहले सार्वजनिक स्थल, सडकको दायाँ वायाँ र सार्वजनिक पार्कको संरक्षण, हरियाली प्रवर्द्धन र वाटिका निर्माण एवं संचालन गर्ने गरी यस नियमावली र प्रचलित कानूनको व्यवस्था एवं तोकेको मापदण्डको अधिनमा रही आवश्यक संख्यामा विज्ञापन सामग्री/बोर्ड राख्न इच्छुक व्यक्ति, संघ, संस्था, फर्म तथा कम्पनीहरुबाट खुला प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव माग गर्नु भन्दा अघि शहरी विकास, वातावरण संरक्षण र आय आर्जनलाई मध्येनजर गरी स्थानीय तहको क्षेत्रमा सार्वजनिक स्थल, सडक दायाँ वायाँको खाली सार्वजनिक स्थल, सार्वजनिक पार्कको सर्वोत्तम विकल्प सहितको उपयोग सम्बन्धमा स्थानीय तहको सम्बन्धित विभागहरुबाट आवश्यक अध्ययन

गरी प्रस्ताव वा आशयपत्र तयार गर्नु पर्नेछ । यस प्रकारको प्रस्ताव आशयपत्र तयार गर्दा स्थानीय तह अन्तर्गतको सार्वजनिक निजी साझेदारी इकाईको सुझाव लिनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक पक्षको अध्ययन, मूल्यांकन एवं विश्लेषण गरी उत्कृष्ट प्रस्तावहरु मध्ये सर्वोकृष्ठ प्रस्ताव छनौट गर्नु पर्नेछ । यसरी पर्न आएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकन समिति र वोलपत्र मुल्यांकन समिति सम्वन्धी व्यवस्था र कार्य प्रचलित कानून वमोजिम हुनेछ ।

(४) यसरी प्रारम्भिक समिति तथा वोलपत्र मुल्यांकन समितिले छनौट गरेको प्रस्तावकसँग स्थानीय तहले सम्झौता गरी सम्झौतामा उल्लेखित अवधिभर तोकिए बमोजिम विज्ञापन कर असुल गरी सम्झौतामा उल्लेखित आकार प्रकार र बनौटको विज्ञापन बोर्ड वा सामग्री राख्न अनुमति दिनेछ ।

(५) सार्वजनिक निजी साझेदारी अन्तर्गत प्रस्ताव आव्हान गर्ने र छनौट गर्ने अन्य प्रक्रिया सार्वजनिक खरिद सम्वन्धी एवं अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

५८. **होडिङ बोर्डको कर निर्धारणका आधारः** होडिङ बोर्डको माध्यमबाट गरिने विज्ञापनमा विज्ञापनको प्रकृति, बोर्डको साइड(एक साइड/दुवै साइड), अवधि, क्षेत्रफल, राखिने स्थान तथा प्रयोग भएको आकृति समेतलाई आधार मानी कर निर्धारण गरिने छ ।

५९. **स्काई साइन Sky sign(चङ्गा, वेलुन, प्यारासुट) बाट गरिने विज्ञापनः**कसैले स्काइ साइन (चङ्गा, वेलुन, प्यारासुट) जस्ता माध्यमबाट विज्ञापन सामग्रीको प्रयोग वा कार्यक्रम आयोजना गर्ने भएमा स्थानीय तहमा स्वीकृती पश्चात् मात्र उक्त विज्ञापन सामग्रीको प्रयोग गर्न सक्नेछ ।चङ्गा, वेलुन, प्यारासुटबाट गरिने विज्ञापन कर तोकिए बमोजिम हुनेछ ।

६०. **तोकिए बमोजिम हुनेः** यस नियमावलीमा उल्लेख भए बमोजिम लिइने करको दर सम्बन्धित स्थानीय तहको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

६१. **उपभोक्ता सजगता कार्यक्रम संचालन गर्नेः** स्थानीय तहले अनधिकृत रुपमा गरिने विज्ञापनबाट हुने हानी नोक्सानी सम्वन्धमा आफ्नो क्षेत्रमा आवश्यक उपभोक्ता सजगत तथा सचेतना कार्यक्रम संचालन गर्न सक्नेछ ।

६२. **विज्ञापन क्षेत्रमा उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्न सकिनेः** स्थानीय तहले वार्षिक रुपमा विज्ञापन सामग्री वापतको कर तिर्ने करदाताहरु मध्ये सवैभन्दा वढी कर तिर्ने करदातालाई उत्कृष्ठ घोषणा गरी पुरस्कृत गर्न सक्नेछ ।

६३. **उजुरी दिन सकिनेः** स्थानीय तहमा राखिएका विज्ञापन सामग्री प्रचलित कानून विपरितको भएको भन्ने लागेमा उक्त विज्ञापन सम्वन्धी उजुरी जो सुकैले सम्बन्धित स्थानीय तहमा दिन सक्नेछ ।सो उजुरी उपर स्थानीय तहले प्रचलित कानूनमा भएका व्यवस्था वमोजिम गर्नु पर्नेछ।

६४. **क्षतिपूर्तीको दावी गर्न सक्ने र दायित्व सम्वन्धी व्यवस्था:**(१) ऐन, प्रचलित कानून तथा यस नियमावलीमा भएका व्यवस्था विपरीतका विज्ञापन सामग्री प्रयोग गरेमा उक्त विज्ञापनबाट वस्तु वा सेवाको उपयोग वा उपभोग गर्ने व्यक्ति वा बस्तुलाई हानी-नोक्सानी भएमा सो हानी-नोक्सानी सम्वन्धमा प्रचलित कानूनमा उल्लेख भएमा सोही वमोजिम क्षति पुगेको व्यक्ति वा हकदारले क्षतिपूर्ती दावी गर्न सक्नेछ ।प्रचलित कानूनमा सो क्षतिपूर्ती दावी गर्न मिल्ने नदेखिएमा सो को लागि स्थानीय तहमा विज्ञापन सामग्री राख्ने स्वामित्वकर्ता उपर क्षतिपूर्तीको दावी गर्न सक्नेछ ।

(२) विज्ञापनबाट क्षति पुगेमा सो क्षतिपूर्ति एवं हर्जनाको क्षतिपूर्ती तिर्ने दायित्व विज्ञापनदाताको हुनेछ ।

(३) उपनियम (१) वमोजिम क्षतिपूर्ती दावी सम्वन्धमा निवेदन पर्न आएमा सो को सम्वन्धमा स्थानीय तहले छानविन गर्नु पर्नेछ । स्थानीय तहले क्षतिपूर्ती सम्वन्धमा आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ ।

६५. **विज्ञापन आचार संहिता बनाउन सक्नेः** स्थानीय तहले विज्ञापन सम्वन्धी आचारसंहिता बनाई आफ्नो क्षेत्रमा लागू गर्न सक्नेछ ।

६६. **मन्त्रालयले अनुगमन गर्न सक्ने:**(१) मन्त्रालयले आवश्यक देखेमा स्थानीय तहको क्षेत्र भित्रका विज्ञापनको विषयमा अनुगमन गर्न सक्नेछ ।

(२) अनुगमन सम्बन्धी व्यवस्था ऐन, यस नियमावली र प्रचलित कानूनमा उल्लेख भएमा सोही बमोजिम हुनेछ ।

६७. **सहयोग गर्नु पर्ने:** ऐन तथा यस नियमवाली कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय तहले स्थानीय प्रशासन तथा प्रहरीको सहयोग मागेमा त्यस्तो सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ ।

६८. **जफत गरिएका विज्ञापन सामग्री सम्बन्धी व्यवस्था:** (१) यस नियमावली बमोजिम स्थानीय तहले जफत गरेका विज्ञापन सामग्रीहरु प्रचलित कानून बमोजिम लिलाम गर्नु पर्नेछ ।

(२) यसरी लिलाम विक्रिबाट प्राप्त रकम स्थानीय तहको सञ्चित कोष खातामा दाखिला गर्नुपर्नेछ ।

६९. **<u>कार्यविधि, मापदण्ड, निर्देशिका बनाउने अधिकारः</u>** ऐन,आर्थिक ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरी स्थानीय तहले आवश्यक कार्यविधि, मापदण्ड र निर्देशिका वनाई लागू गर्न सक्नेछ ।

७०. **<u>अनुसूची हेरफेर, बाधा अड्काउ फुकाउ तथा बचाउः</u>** (१) यस नियमावलीमा भएका अनुसूचीमा आवश्यक हेरफेर गर्नुपर्ने आवश्यकता भएमा मन्त्रालयले हेरफेर गर्न सक्नेछ।

(२) यस नियमावलीको कार्यान्वयमा बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(३) यस नियमावली जारी हुन पूर्व भए गरेका कामलाई यस नियमावली बमोजिम भए सरह मानिनेछ।

# अनुसूची -१

(नियम ८ को उपनियम (१) सँग सम्वन्धित)

## स्थानीय तहले उठाउने विज्ञापनको प्रकृति र मापन इकाई

| सि.नं. | विज्ञापनका प्रकृति | मापन गरिने ईकाइ | कैफियत |
|---|---|---|---|
| १. | होर्डिङ बोर्डबाट गरिने विज्ञापन<br>१. फ्लेक्स प्रिन्ट<br>२. साइनबोर्ड जस्ता/मेटल<br>३. होडिङ बोर्ड (धातुको फ्रेम)<br>४. डिजिटल डिस्प्ले<br>५. चलदृश्य बोर्ड<br>६. एल.सी.डी बोर्ड<br>७. लिड बोर्ड<br>८. रोलर बोर्ड<br>९. ग्लो साइन बोर्ड<br>१०. नियोन साइन बोर्ड<br>११. प्रोजेक्टर<br>१२. स्टल डिस्प्ले<br>१३. टु. डि. र थ्री. डि. डिस्प्ले बोर्ड<br>१४. ट्राई भिजन बोर्ड<br>१५. स्कोलर बोर्ड<br>१६. चलचित्र बोर्ड<br>१७. अन्य | वर्गफुट, प्रयोग हुने दिन, राखिने स्थान, विज्ञापनको प्रकृति | |
| २. | स्काइ साइन विज्ञापन<br>१. चङ्गा<br>२. वेलुन<br>३. प्यारासुट | थान, दिन, पटक, प्रकृति | |
| ३. | स्थानीय तहले स्वीकृति दिएका संचार माध्यमको विज्ञापन | विल वमोजिम हुने रकमबाट | |
| ४. | व्यानर (हस्त लिखित वा प्रिन्ट गरिएको)<br>१. रोडक्रस व्यानर<br>२. ओभरडेड ब्रिजमा राखिने<br>३. सवारी साधनमा राखिने<br>४. गेटमा राखिने व्यानर | वर्गफुट, दिन, लम्वाई, स्थान, आकृति | |
| ५. | वौद्धिक सम्पत्तीको विज्ञापन<br>१. प्रतिलिपी सम्वन्धी<br>२. पेटेन्ट सम्वन्धी<br>३. ट्रडमार्क सम्वन्धी<br>४. डिजाइन सम्वन्धी<br>५. अन्य वौद्धिक सम्पत्ति | वर्गफुट, प्रयोग हुने दिन, राखिने स्थान, वौद्धिक सम्पत्तीको प्रकृति अनुसार मापन गरिने | |

| | | | |
|---|---|---|---|
| ६. | संचार माध्यमबाट गरिने जुनसुकै प्रकारको विज्ञापन सामग्री | विल बमोजिमको रकमको तोके बमोजिमको प्रतिशत | |
| ७. | सवारी साधनद्धारा गरिने विज्ञापन<br>१. मोटरसाइकल,रिक्सा,अटो रिक्सा, विद्युतीय रिक्सा सो भन्दा अन्य ठुला तथा साना सवारी साधनमा प्रयोग हुने स्टिकर,व्यानर,स्थायी तथा अस्थायी पेन्टिङ, ध्वनी रहित वा ध्वनी सहित,फ्लेक्स बोर्ड अन्य डिजिटल बोर्ड, एक साइड वा दुई साइड | वर्गफुट,दिन,ध्वनी सहित/ध्वनी रहित, विज्ञापनको प्रकृति, सवारी साधनको प्रकृति | |
| ८. | पोलमा राखिने विज्ञापन<br>१. पोल डिजिटल बोर्ड<br>२. पोल व्यानर<br>३. सोलार पोल<br>४. पेन्टिङ | वर्गफुट, दिन, स्थान विज्ञापनको प्रकृति, पोल संख्या | |
| ९. | भित्ते लेखन<br>१. निजी घरको भित्ते लेखनबाट विज्ञापन<br>२. सटर पेन्टिङ<br>३. रेलिङ पेन्टिङ<br>४. पोल पेन्टिङ<br>५. पसल गेट<br>६. वाल पेन्टिङ | वर्गफुट,अवधि, स्थान, विज्ञापनको प्रकृति | |
| १०. | वास्तविक वस्तु प्रर्दशनी(Real Object Display) | स्थान, अवधि, वस्तुको प्रकृति, थान | |
| ११. | मेला,खेलकूद कार्यक्रम व्यापार मेला, वा सांस्कृतिक प्रदर्शनी अन्य कार्यक्रम | आयोजक वा संचालकबाट एकमुष्ठ वा विज्ञापनको प्रकृति अनसार वर्ग फिट, अवधि, स्थान | |
| १२. | ट्राफिक आइल्याड | वर्गफुट, स्थान, प्रकृति | |
| १३. | माइकिङ | अवधि, ध्वनी | |
| १४. | परिचय-पाटी | वर्गफुट | |
| १५. | स्टल/स्टेज विज्ञापन | अवधि,विज्ञापनको प्रकृति, वर्गफुट | |

<u>**नोट:**</u> यस अनुसूचीमा उल्लेख नभएका विषय वा क्षेत्रको विज्ञापन प्रकृतिको मापन इकाई स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची -२

(नियम २८ को उपनियम (१) सँग सम्वन्धित)

# विज्ञापन सम्झौता पत्र

........ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका (यसपछि"प्रथम पक्ष" भनिएको) र ..................................(यसपछि "द्धितीय पक्ष" भनिएको) वीच ........ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं................मार्ग ............ टोलको.................... .....................नम्बरको घरधनी श्री......................................................को भवन/जग्गामा ...........................बस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्तनामा पालना तथा कार्यान्वयन गर्न दुवै पक्ष मन्जुर भई यो सम्झौता गरी एक एक प्रति लियौं, दियौं ।

शर्तहरुः

१. प्रथम पक्षले स्वीकृत दिएको स्थानमा स्वीकृत विज्ञापन बोर्ड/सामग्री द्धितीय पक्षले विज्ञापन प्रयोजनको निमित्त राख्नेछ । स्वीकृत पश्चात विज्ञापन परिचयपाटी/होर्डिङ बोर्ड/अन्य बोर्डकोआकारः लम्वाई ..... चौडाई....... ......... उचाईको हुनेछ । जम्मा..... वर्ग........ फिटले मिति.................. देखि .................सम्म....... वर्ष/महिना ..... को प्रति वर्गफुट रु. ................ले जम्मा रु. .................... द्वितीय पक्षले प्रथम पक्षलाई मितिमा ........................बुझाउनु पर्नेछ ।

२. द्वितीय पक्षले विज्ञापन सम्बन्धी आवेदन दिँदाको वखत उल्लेख गरी स्वीकृत लिएको विषयमा मात्र विज्ञापन गर्न राख्न पाउनेछ । स्वीकृत विज्ञापन वाहेक अन्य विवरणको विज्ञापन राख्नु परेमा वा स्थान परिवर्तन गर्नु परेमा दोश्रो पक्षले लिखित जानकारी गराई प्रथम पक्षको लिखित स्वीकृत लिनु पर्नेछ ।

३. प्रथम पक्षले विज्ञापन हटाउन निर्देशन दिएमा द्धितीय पक्षले सो स्थानबाट विज्ञापन हटाउनु पर्नेछ । तर त्यस्तो विज्ञापन हटाउन प्रथम पक्षले लिखित निर्देशन दिनुपर्नेछ ।

४. द्धितीय पक्षले तोकिएको स्थानमा विज्ञापन राखी प्रथम पक्षलाई कर तिरिसकेको भएमा प्रथम पक्षको निर्देशन अनुसार विज्ञापन हटाएमा द्वितीय पक्षले सो विज्ञापन अन्य कुनै स्थानमा राख्न चाहेमा प्रथम पक्षले स्वीकृत दिन सक्नेछ । अन्यथा प्रथम पक्षले दामासाहिले द्वितीय पक्षलाई रकम फिर्ता गर्नेछ ।

५. विज्ञापन बोर्ड प्राविधिक दृष्टिले सुरक्षित ढंगले निर्माण गर्नु पर्नेछ ।

६. विज्ञापन बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवारी द्वितीय पक्ष हुनेछ ।

७. द्धितीय पक्षले स्वीकृत प्राप्त गरि विज्ञापन राखी सकेपछि विज्ञापनकरको दरमा हेरफेर भएमा सोहि अनुसार द्धितीय पक्षले प्रथम पक्षलाई कर बुझाउनु पर्नेछ।

८. दोश्रो पक्षबाट पेश गरिएको विज्ञापन बोर्डको कुनैपनि बेला निरीक्षण गर्दा स्वीकृती दिइएको स्थान र मापदण्ड भन्दा फरक पर्न गएमा सो होर्डिङ बोर्ड तत्काल हटाउने वा जरिवाना गर्ने वा दुवै गर्न सक्नेछ।

९. प्रथम पक्षबाट प्राप्त सांकेतिक चिन्ह तथा बोर्डको दर्ता नम्बर बोर्डमै देखिने गरी माथिल्लो भागमा सुरक्षित सम्पूर्ण ढंगले राख्ने सम्पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

१०. होर्डिङ्ग बोर्डको आकार, प्रकार र निषेधित क्षेत्र सम्बन्धी विज्ञापन कर नियमावली, २०७६ बमोजिम वा प्रचलित कानून वा स्थानीय तहको मापडण्ड वमोजिम जारी गर्ने व्यवस्था अनुसार बोर्ड हटाउन वा आकार, प्रकार परिमार्जन गर्न पर्ने भएमा सो अनुसारको आदेश निर्देशन पालन गर्न द्धितीय पक्ष मन्जुर गर्दछ । यसो गर्दा असूल भईसकेको विज्ञापन कर विज्ञापनदाताले तिर्नु पर्ने कर दायित्वमा समायोजन गरिनेछ ।

११. म्याद समाप्त भएको मितिबाट ३५ दिन भित्र वा तोकिएको समयभित्र नवीकरण गर्नु पर्नेछ । अन्यथा प्रथम पक्षले विज्ञापन कर नियमावली बमोजिम आवश्यक कार्वाही अगाडी वढाउनेछ ।

| <u>स्थानीय तहको तर्फबाट</u> | <u>विज्ञापन कर्ता/एजेन्सीको तर्फबाट</u> |
|---|---|
| नाम थर : | नाम थर : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| पद : | पद : |
| छापः | बाबुको नाम : |
| | नागरीकता नं र जारी जिल्लाः –(व्यक्तिको हकमा) |
| | फर्म वा कम्पनीको नामः– |
| | छाप : |

| <u>साक्षीहरु :</u> | <u>साक्षीहरु :</u> |
|---|---|
| (१) नाम थर : | (१) नाम, थर |
| हस्ताक्षर : | हस्ताक्षर : |
| पद : | ठेगाना : |
| (२) नाम थर : | (२) नाम, थर : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| पद : | ठेगाना : |

**ईति सम्वत् .................. साल .........महिना .......गते ............रोज शुभम् ।**

<u>नोटः</u> स्थानीय तहले आवश्यकता अनुसार थप विवरण समेत समावेश गरी सम्झौता गर्न सक्नेछ ।

## अनुसूची -३

(नियम २८ को उपनियम (२) सँग सम्वन्धित)

.....गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका कार्यालय

राजश्व महाशाखा/शाखा

# विज्ञापन वोर्ड दर्ता किताव

विज्ञापन बोर्ड दर्ता नं. : (वडा/द.नं. / साल) ......................................

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नाम :–

२. विज्ञापन रहने स्थानः–.........वडा ...... घर नं. ......... मार्ग/पथ/सडक ................

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्धको निकायको नामः- ..........................

४. विज्ञापन बोर्डको आकार, प्रकार र वनौटः–

क) आकार :– ......... लम्वाई ..............चौडाई.......वर्गफिट

ख) विज्ञापन बोर्डको प्रकार :– होर्डिङ बोर्ड/होर्डिङ्ग बोर्ड साना/ साइन बोर्ड /ग्लो बोर्ड/त्रिभिजन बोर्ड ..(अनुसूची-(१) वमोजिमका अन्य....

ग) बनौट

५. विज्ञापन स्वामित्व कर्ताको नाम, थर, ठेगाना :–

६. विज्ञापन बोर्डको स्वामीत्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण :–

| क्र.सं. | साविकवालाको नाम थर, ठेगाना | हालवालाको नाम थर, ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

७. दर्ता/नवीकरणको अद्यावधिक तालिका

| दर्ता/नविकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्वद्ध व्यक्ति/कम्पनी/फर्म/एजेन्सीको नाम | कर असुल भएको अवधि | कर असुली रकम | र.नं. | कर अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची – ४

(नियम २८ को उपनियम (३) सँग सम्वन्धित)

..........गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका कार्यालय
राजश्व महाशाखा/शाखा

# विज्ञापन वोर्ड दर्ता प्रमाण-पत्र

(मुख पृष्ठ)

विज्ञापन स्वामित्वकर्ताको फोटो

दर्ता मितिः ......

प्रमाण पत्र नं. .....

............गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका कार्यालयको वडा नं. ............. मार्ग..........घर नं. .......... बस्ने श्री ....................................................... लाई विज्ञापन कर नियमावली, २०७६ को नियम..... बमोजिम निम्न उल्लेखित विवरण समय समयमा यस .................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गरी विज्ञापनकर तिरी विज्ञापन बोर्ड राख्न यो प्रमाण-पत्र दिईएको छ।

**विज्ञापन बोर्डको विवरणः–**

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नामः–............................

२. विज्ञापन रहने स्थानः–........वडा ...... घर नं. ........ मार्ग/पथ/सडक ................

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्धको निकायको नामः– ..........................

४. विज्ञापन बोर्डको आकार, प्रकार र वनौटः–
   क) आकारः– ......... लम्वाई ..............चौडाई.......वर्गफिट
   ख) विज्ञापन बोर्डको प्रकारः– अनुसूची-१ वमोजिम कुन पर्छ उल्लेख गर्ने ।
   ग) बनौट

५. विज्ञापन स्वामित्व कर्ता/संस्था/एजेन्सीको नाम, थरः–..........................

६. विज्ञापन स्वामित्व कर्ता वा अधिकार प्राप्त व्यक्तिको ठेगानाः–...................

७. विज्ञापन बोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई साविक हाल साविक हुनेको विवरणः–

| क्र.सं. | साविकवालाको नाम, थर, ठेगाना | हालवालाको नाम, थर, ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

........................
विज्ञापन स्वामित्व कर्ता को हस्ताक्षर

.............................
कर अधिकृतको हस्ताक्षर

शर्तहरुः-

१.  सम्झौतामा अन्यथा उल्लेख गरिएको बाहेक प्रत्येक आर्थिकवर्षको वा म्याद समाप्त भएको ३५ दिन भित्र प्रत्येक वर्षको लागिअग्रिम रुपमा कर वुझाउनु पर्नेछ ।

२.  होर्डिङ बोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नुपरेमा यस ……………गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका पूर्व स्वीकृति लिनुपर्नेछ ।

३.  विज्ञापन बोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी यस ……………गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको पूर्व स्वीकृति लिई हटाउन सकिनेछ ।

(पछिल्लो पृष्ठ)

## विज्ञापन वोर्ड दर्ता नविकरण तालिकाः-

| दर्ता/नविकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्वद्ध व्यक्ति/संस्था/एजेन्सी/कम्पनी/फर्मको नाम | कर असुल भएको अवधि | कर असुली रकम | र.नं. | कर अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |